

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस १९ गते बिहीबार ❑ 4 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सूर्यदर्शन सरहकारी ठगीमा पुर्पक्षका लागि कारागार चलान

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा निक्षेपकर्ताको बचत रकम अपचलन गरेको अभियोगमा बुधबार दुई जनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ।

सहकारी ठगी मुद्दामा कास्की जिल्ला अदालतमा थुनछेक बहसपछि न्यायाधीश वसन्तजङ्ग थापाको एकल इजलासले सहकारीका पूर्वसञ्चालक समितिका सदस्यद्वय शिवबहादुर गुरुङ (महेन्द्र भोटे) र भविश्वर अर्याललाई कारागार पठाउने आदेश गरेको हो । सहकारीका सञ्चालकले निक्षेपकर्ताको बचत फिर्ता नगरेका र सहकारीको रकम हिनामिना गरेको बचतकर्ताको जाहेरीपछि कास्की प्रहरीले गत भदौ २५ गते उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। त्यसपछि उनीहरूले मङ्गलबार अदालतमा आत्मसमर्पण गरेका थिए। सूर्यदर्शन सहकारी सम्बद्ध १९ जनाविरुद्ध रु एक अर्ब ११ करोड बिगो दाबीसहित अदालतमा मुद्दा दर्ता गरिएको छ। सहकारीका उपाध्यक्ष कैलाशकुमार दर्लामी र कोषाध्यक्ष कुमार रम्तेललाई यसअघि नै पुर्पक्षका लागि थुनामा पठाइएको छ । सूर्य दर्शन सहकारी ठगी प्रकरणमा जीवी सहित १५ जना अझै फरार छन् ।

## पोखरा विश्वविद्यालय र गोरखपुर विश्वविद्यालयबीच सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

पोखरा विश्वविद्यालय र दिनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयबीच एकापसमा शैक्षिक एवं अनुसन्धान सम्बन्ध स्थापित गर्ने मूल उद्देश्यका साथ आज एक समझदारीपत्रमा हस्ताक्षर भएको छ।

पोखरा विश्वविद्यालयको केन्द्रीय कार्यालय, ढुङ्गेपाटन, कास्कीमा आयोजित कार्यक्रममा पोखरा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा डा प्रेमनारायण अर्याल र दिनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुर, उत्तरप्रदेश, भारतका उपकुलपति प्रा पुनम टण्डनले हस्ताक्षर गर्नुभयो । समझदारीसँगै दुबै संस्थालाई शैक्षिक र अनुसन्धान सम्बन्ध स्थापित गर्नुका साथै संयुक्त अनुसन्धान तथा सम्मेलनलगायत अन्य शैक्षिक सहकार्यको दिशामा अगाडि बढ्न बाटो खुलेको छ । समझादारीपछि दुई विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीबीच शैक्षिक, व्यावसायिक र सांस्कृतिक गतिविधिलाई सहयोग गरी अन्तर्राष्ट्रिय सम्झौता, बौद्धिक सहयोग, सांस्कृतिक अन्तर्क्रिया र मित्रता प्रवर्द्धन गर्न सहयोग पुग्ने जनाइएको छ। साथै कुनै पनि कार्यक्रम दुवैतर्फ बाञ्छनीय र सम्भाव्य महसुस भएमा एकापसमा प्रस्ताव गरी दुवै पक्षले आयोजना गर्न सक्ने छन् ।

कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्याल, दिनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयका उपकुलपति प्रा पुनम टण्डन र अन्तर्राष्ट्रिय सेलका निर्देशक डा रामवन्त गुप्ता एवं पोखरा विश्वविद्यालय अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक डा उमेशसिंह यादवले आ-आफ्नो संस्थाको परिचयसहित शैक्षिक एवं अनुसन्धान क्रियाकलापलाई कसरी प्रगाढ र सुदृढ गर्न सकिन्छ भन्ने विषयमा आ आफ्ना धारणा राख्नुभयो । समारोहमा पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रा डा दीपकबहादुर भण्डारीलगायत सङ्कायका डीनहरू एवं विभिन्न निकायका प्रमुखको उपस्थिति थियो।

## राष्ट्रियसभाका लागि एमाले गण्डकीद्वारा सम्भावित उम्मेदवारको नाम सिफारिस

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

नेकपा (एमाले) गण्डकी प्रदेश कमिटिले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि सम्भावित उम्मेदवारको नाम सिफारिस गरेको छ । प्रदेश कमिटीको बैठकले तीनवटा निर्वाचन एकाइका लागि सम्भावित उम्मेदवारको नाम छनोट गरी बुधबार केन्द्रीय कमिटिमा पठाएको प्रदेश कमिटीका अध्यक्ष नवराज शर्माले जानकारी दिनुभयो । खुलातर्फ स्याङ्जाका चक्रबहादुर पराजुली, बागलुङका मोहनलाल शर्मा र म्याग्दीका ममतादेवी शर्मा उपाध्यायको नाम सिफारिस गरिएको उहाँले बताउनुभयो।अपाङ्गता/अलपसङ्ख्यकतर्फ कास्कीका मेघराज आचार्य, मुस्ताङका हेमन्त शेरचन र गोरखाका मीना बरामको नाम सिफारिस गरिएको छ।

महिलातर्फ गोरखाका सम्झना देवकोटा, कास्कीका सगुन गुरुङ र स्याङ्जाका ईश्वरी सिग्देलको नाम केन्द्रमा पठाइएको एमाले प्रदेश कमिटिले जनाएको छ । राष्ट्रियसभाअन्तर्गत गण्डकीबाट प्रतिनिधित्व गर्ने तीन सदस्यको कार्यकाल आउँदो फागुन २० गते सकिँदैछ।

## घरमै बसेर बसको टिकट बुकिङ गर्न सकिने

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस



समय अनुसार अब घरमै बसेर पनि देशका कुनै शहरहरुमा पुग्नको लागि अग्रिम बस टिकट लिन सकिने व्यबस्था भएको छ। पृथ्वी बस डटकम डट एनपी पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि.को मोबाईल एप्लीकेशन तथा बससेवा डटकम, बससेवाको मोबाईल एप्लीकेशन मार्फत सहजै घरमै बसेर पनि बसको टिकट काट्न सकिने व्याबस्था गरेको कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसीले बताउनु भयो।

आफुहरुले यात्रुलाई सहज ढंगले सेवा दिन र यात्रु तथा व्यवसायी बिच भाडामा वार्गेनीङ नै गर्न नपर्ने गरी समय अनुसारको सेवा सुरु गरेको अध्यक्ष केसीले बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउनु भयो । हाल कम्पनीले रात्री बस सेवामा ईसेवा संचालन गरेकोले अब दिवा सहितका लागि बससेवा डटकमबाट पनि ईसेवाबाट आम उपभोक्ताले सेवा लिन सक्ने उहाँले बताउनु भयो। सार्वजनिक यातायात सेवा प्रदायक पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा.लि. अव पूर्ण रुपमा अटोमेशनमा, कार्यालय सबै डिजिटलाइज, यात्रुले अनलाइनबाट टिकट काट्न सक्ने बनाएको अध्यक्ष केसीले दाबी गर्नु भयो । पोखराबाट देशका अधिकांश शहर तथा ठाँउसम्म जानको लागि कम्पनीसंग हाल १ हजार ३ सय ५० वटा बस रहेको कम्पनीले जनाएको छ। यसैबिच, कार्यक्रममा बससेवा डटकमका प्रमुख कार्यकारी अधिकृत पिआर खनालले देशभरबाट हाल आफुहरुसंग उक्त कम्पनी सहित ३ सय ९५ वटा व्यवसायीक कम्पनीहरुका बसको टिकट काट्ने सिस्टम रहेको बताउनु भयो । देशमा हाल ६२ जिल्लामा दैनिक ५० हजार यात्रुले एकै दिनमा टिकट बुक गर्न सक्ने सफ्टवर सहित बस सिट क्षमता रहेको उहाँले दाबी गर्नु भयो। यातायात क्षेत्रमा प्रविधिको प्रयोग गरेर यस क्षेत्रलाई थप व्यवस्थित् बनाउँदै यात्रुहरुलाई सुविधा दिनुपर्छ भन्ने संकल्प लियर आफुहरुले उक्त सेवा सुरु गरेको सिईओ खनालले बताउनु भयो । देशकै अग्रणी यातायात सेवा प्रदायक कम्पनी पृथ्वीराजमार्ग बस संचालक कम्पनीसँग जोडिन पाउँदा आफुहरुलाई अत्यन्तै खुशी लागेको बताउदै उहाँले पोखराबाट यो सेवा थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नु भयो।

बिगत ५० वर्ष भन्दा धेरै समय सेवा दिँदै आएको पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा. लि.ले नेपालका प्रमुख शहर काठमाण्डौ, बुटवल, हेटौडा देखि पूर्वका मुख्य शहरहरु धरान, विराटनगर, जनकपुर, विरगञ्ज, काँकडभित्ता देखि सुदुर पश्चिमका दाङ, नेपालगञ्ज, सुर्खेत, धनगढी, बर्दिया तथा महेन्द्रनगर सम्म गरि ३० भन्दा बढि शहरमा सेवा दिदै आएको कम्पनीले दाबी गरेको छ। कम्पनीले ४ सय १० वटा भन्दा धेरै रुटबाट करिब १३५० बस मार्फत सेवा दिँदै आएको छ। पृथ्वी यातायातबाट दैनिक ८ हजार भन्दा बढि यात्रुले यात्रा गर्न सक्ने व्यवस्था मिलाइएको अध्यक्ष केसीले बताउनु हुन्छ।

बससेवा डटकम नेपालको एकमात्र अनलाइन बस टिकटिङ्ग माध्यम भएको दाबी गर्दै हाल नेपालमा दश प्रतिशत मानिसहरुले मात्र अनलाइनबाट बस सेवाको टिकट बुक गर्ने गरेको बससेवाका कमल गौतमले बताउनु भयो । ग्लोवल च्यानलका सबै प्रविधिबाट अनलाइन मार्फत बसको बुकिङ गर्दा टिकट काट्न सकिने व्यबस्था मिलाइएको उहाँले जनाउनु भयो। अनलाइन सेवालाई प्रभावकारी बनाउन यात्रुले अनलाइन सेवा प्रयोग गर्न बससेवाका बिष्णु पोखरेलले बताउनु भयो।

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट एक वर्षमा ८ लाख ८३ हजार पर्यटक आवातजावात

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस




पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट एक बर्षमा ८ लाख ८३ हजार पर्यटक आवातजावात हुनु भएको छ।

गत पुष १७ देखि यही पुष १५ सम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट ८ लाख ८३ हजार ५ सय ३६ जना स्वदेशी तथा विदेशी पर्यटक आवातजावात गरेको नेपाल नागरिक उडड्यन कार्यालय पोखराले जनाएको छ।

गत बर्षको जनवरी देखि नोवेम्बरसम्म पोखरामा ३ लाख ८६ हजार २ सय ५४ जना पर्यटक भित्रिदा उक्त समयमा पोखराबाट ४ लाख १२ हजार ३ सय ९४ जना पर्यटक बाहिरिनु भएको नेपाल नागरिक उडड्यन कार्यालय पोखराका प्रवक्ता जशोधा सुवेदीले बताउनु भयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट एक बर्षमा १५ हजार ७ सय ८० वटा हवाई उडान भएको उहाँले जनाउनु भयो । पोखरा अन्तर ाष्ट्रिय विमानस्थल र पोखरा विमानस्थल (पुरानो) बाट गरी जम्मा एक बर्षमा १ लाख ३२ हजार १ सय १३ जना विदेशी पर्यटक पोखरामा आवातजावात गर्नु भएको कार्यालयल दिएको तथ्याङकमा उल्लेख गरिएको छ । पोखरा विमानस्थलबाट एक बर्ष गत अग्रेंजी महिनाको जवनरी (गत पुष १७) देखि डिसेम्बर (यही पुष १५) सम्म करिब १६ हजार हवाई उडान हुँदा ५३ हजार ५ सय स्वदेशी तथा विदेशी पर्यटकहरुले सानो जहाज तथा हेलिकोप्टर एवं अल्ट्रालाइटमा उडान गर्नु भएको छ । यसरी समग्र रुपमा हेर्दा पोखरामा एक बर्षमा जम्मा ३१ हजार ८ सय ८० वटा हवाइ उडान हुँदा ९ लाख ३७ हजार ३६ जना स्वदेशी तथा विदेशी पर्यटकहरु पोखरामा ओहोरदोहोर गर्नु भएको छ। यो सङख्या हेर्दा पोखरामा एक बर्षमा अघिल्लो बर्षको तुलनामा करिब ३ हजार ४ सय ८३ वटा कम हवाई उडान भए पनि पर्यटकको सङख्या भने ५३ हजार ८ सय ८७ जना बढी ओहोरदोहोर गर्नु भएको कार्यालयले दिएको तथ्याङकमा उल्लेख गरिएको छ। पोखरामा गत बर्ष यति एयरलायन्सको बिमान दुर्घटना भएसंगै केही समय हवाई उडान प्रभावित भएको थियो । पोखरा अन्तराष्ट्रिय विमानस्थल संचालनमा आएको एक बर्ष पूरा हुँदा यस विमानस्थलमा अन्तराष्ट्रिय हवाइ उडान गर्न नसके पनि रात्री कालिन सेवा सहित केही हवाइ उडान बढेको प्रवक्ता सुवेदीले बताउनु भयो। चिनको एक्जिम बैंकको ऋण सहायतामा करिब २२ अर्बको लागतमा निर्माण भएको उक्त विमानस्थलमा एक बर्षमा चाइनाबाट ३ र भुटानबाट एक गरी ४ वटा चार्टर्ड उडान मात्र भएको छ । पोखरा क्षेत्रको आर्थिक कृयाकलाप थप प्रभावकारी बनाउन पोखरा अन्तराष्ट्रिय विमान्स्थलमा सिधा अन्तराष्ट्रिय हवाई उडान गर्न यहाँका निजी क्षेत्रले माग गर्दै आउनु भएको छ । पोखराबाट अब पनि अन्तराष्ट्रिय हवाई उडान गर्न ढिलाई गरे पोखराबाट पनि आन्दोलन हुन सक्ने पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । राज्यको ठुलो लगानी र पोखरामा पोखरा अन्तर ाष्ट्रिय विमान्स्थल निर्माणले गर्दा निर्माण भएका भौतिक संरचनामा भएको लगानीको सुरक्षाको लागि पनि अन्तराष्ट्रिय हवाई उडान आवश्यक भएको उहाँले माग गर्नु भयो।

गत पुष महिनाको १७ गतेबाट स्थान्तरण गर्दै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट ठुला हवाइ जहाज पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट उडान हुदै आएको हो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# छोरेपाटन मा.वि.को ४५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस



पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनमा रहेको छोरेपाटन माध्यमिक विद्यालयको ४५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मंगलबार विविध साँस्कृतिक कार्यक्रम, विज्ञान प्रदर्शनी, पि.टी. प्रदर्शन र पुरस्कार वितरण लगाएतका कार्यक्रम सहित विद्यालय प्राङ्गणमा सम्पन्न भयो ।

वार्षिकोत्सव समारोहको विद्यालयप्रमुख आमन्त्रित व्यक्तित्व पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले कार्यक्रमको समुद्घाटन गरेका थिए । उनले विद्यालयले कास्की जिल्ला मै शैक्षिक क्षेत्रको विकासमा अग्रणी भुमिका खेलेको वताउँदै आगामि दिनहरुमा पनि उत्तरोत्तर प्रगतिको कामना गरेका थिए। सो अवसरमा विशेष अतिथि पोखरा १७ का वडा अध्यक्ष राधिका शाही योगी, सल्लाहकार तिर्थराजअधिकारी,सम्मानितव्यक्ति झपिन्द्रराज रेग्मी, अभिभावकहरु श्रीराम सुवेदी, देवराज आचार्य, समाजसेवी ऋषभलाल तिमिला, विद्यार्थीहरु विवेक पौडेल र श्रेया लामिछाने शुभकामना मन्तव्य राखेका थिए ।

विद्यालयका प्रधानाध्यापक डिल्लिराम शर्माले विद्यालयको वार्षिक प्रतिवेदन र लेखा अधिकृत छविलाल पनेरुले विद्यालयको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । विद्यालयलाई सहयोग गर्ने पूर्व केन्द्रीय अध्यक्ष नेपाल प्राध्यापक संघ प्रा.डा.भूपति ढकाल 'कमल', अधिवक्ता सुकदेव गौतम, विव्यस सदस्य बावुराम लामिछाने, पूर्व वि.व्य.स.अध्यक्ष झपिन्द्रराज रेग्मी र पूर्व शि.अ.संघ अध्यक्ष रविलाल शर्मालाई सम्मान गरिएको थियो । त्यसैगरी डम्बरसिहं/सेतु स्मृतिका प्रथम प्र.अ. क्षेत्रबहादुर कुँवर, पं. पुण्यप्रसाद स्मृतिका खेमराज बराल (स.प्र.अ) र नारायण प्रसाद बराल (पूर्व विद्यार्थी), तुलसी स्मृतिका माधव बराल (पूर्व विद्यार्थी), लिलाधर स्मृतिका मायादेवी बराल र रमेश बराल, जनआन्दोलन पुरस्कारका गोविन्द्र गिरीलाई अक्षयकोष स्थापना गरेकोमा सम्मान पत्र, दोसल्लाद्धारा सम्मानित गरिएको थियो । त्यस्तै २५ वर्ष शिक्षण गर्ने खेमराज बराललाई दीर्घ सेवा पदक सम्मान र विद्यालयका तर्फबाट विभिन्न खेलमा सहभागी भई पुरस्कार ल्याउन सफल खेलाडीहरु नारायणी भण्डारी र तेन्जिङ रोकालाई सम्मान गरिएको थियो ।

सो अवसरमा सत्प्रतिशत विद्यार्थी उत्तिर्ण गराउने शिक्षकहरु दिव्यश्वरी रेग्मी, गणेश प्रसाद तिमिल्सिना, लेखनाथ, टिका पौडेल, रेखा थापा, रोहित बराल, इन्द्र दहाल, गिरिधारी पोखरेल, ठाकुर प्रसाद पोख्रेल र उत्कृष्ट शिक्षक तथा कर्मचारीहरु झरिमाया ढुंगाना, विद्या नेपाली, सीता शर्मा बराल, रमा वाग्ले, रेखा थापा, लिलानाथ आचार्य, इन्द्रप्रसाद दहाल, दिपक सुबेदी, माधव भट्टराइ, रोशन प्रसाद श्रेष्ठलाई सम्मान गरिएको थियो । त्यसै गरी पुनःस्थापना भएपछि पहिलो पटक भू.पू. विद्यार्थी मञ्चबाट दिएको जेहेन्दार अनुशासन पुरस्कार कक्षा ११ की ज्योति तामाङलाई प्रदान गरिएको थियो । सोही अवसरमा विद्यालयको वार्षिक मुखपत्र ज्योत्स्ना अंक ३ लोकार्पण गरिएको थियो । विद्यार्थीहरुले विद्यालय प्राङ्गणमा विभिन्न विज्ञान तथा प्रविधिको प्रदर्शनी गर्नुका साथै नृत्य, नाटक लगायतका साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बद्रीनाथ पहारीको अध्यक्षतामा भएको कार्यक्रममा सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले स्वागत, शैक्षिक पुरस्कार संचालन लिलाप्रसाद पराजुली, खेलकुद पुरस्कार संचालन टिकाप्रसाद पौडल, अनुशासन/हाजिरी पुरस्कार संचालन दिव्यश्वरी रेग्मी र छात्रवृत्ति पुरस्कार युवराज सृवेदीबाट भएको कायक्रमको संयोजन सहायक प्रधानाध्यापक खेमराज/मेघनाथ पौडेलले गरेका थिए भने शिक्षक अभिभावक संघका अध्यक्ष इन्द्रबहादुर खत्रीले धन्यवाद ज्ञापन गरेका थिए ।

विद्यालयको वार्षिकोत्सवको पूर्वसन्ध्यामा युवा रेडक्रस सर्कलले आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा ३७ युनिट रगत संकलन कार्य भएको सर्कलका सभापति सुशान्त सुवेदी र शिक्षक नायक युवराज सुवेदीले वताए ।

# युवालाई गाउँमै रोजगारी दिन 'श्रम बैंक'

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

विदेश पलायनलाई घटाई युवालाई गाउँमै रोजगारी दिन बागलुङको ताराखोला गाउँपालिकाले 'सहिद विश्व श्रम रोजगार बैङ्क' सञ्चालनमा ल्याएको छ । अर्गलस्थित गाउँपालिकाको सभाकक्षमा मङ्गलबार आयोजित समारोहमा उक्त श्रम रोजगार बैङ्कको कार्य शुभारम्भ गरिएको हो ।

सांसद देवेन्द्र पौडेलको उपस्थितिमा गाउँपालिकाका अध्यक्ष धनबहादुर विक 'हिमाल'ले श्रम रोजगार बैङ्कमा आबद्ध ६७ सदस्यलाई शपथ ग्रहण गराउनुभएको थियो । युवालाई गाउँमै रोजगारी सिर्जना, स्थानीय सीप र श्रमको सदुपयोग, मानव संसाधनमार्फत गाउँपालिकाको समग्र विकासलागयत उद्देश्य राखेर श्रम रोजगार बैङ्क सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो ।

रोजगार बैङ्कमा आबद्ध सदस्यलाई गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माणका आयोजना, निजी क्षेत्र, निर्माण व्यवसाय, कृषि, सहकारी र उद्यमका विकासका काममा लगाइने उहाँको भनाइ छ । "गाउँपालिकामा सञ्चालन हुने विकास योजना, ढुङ्गाखानी उत्खननलगायत स्थानीय उद्योगधन्दामा आवश्यक जनशक्ति आपूर्ति र रोजगारी सिर्जना गरी वैदेशिक रोजगारीमा जाने प्रवृत्तिलाई न्यूनीकरण गर्न श्रम रोजगार बैङ्क सञ्चालनमा ल्याइएको हो," अध्यक्ष बिकले भन्नुभयो "पहिलो चरणमा वडा तहबाट आवेदन सङ्कलन गरेर रोजगार बैङ्कमा ६७ जनालाई सूचीकृत गरेका छौं ।" स्थानीय दक्ष जनशक्ति परिचालन गरी विकास योजनालाई समयमै र गुणस्तरीय रूपमा सम्पन्न गराउने, युवाको सीप र दक्षताको प्रयोगमार्फत सामाजिक रुपान्तरण, सामाजिक विकृति न्यूनीकरण, श्रमिकको सम्मान र सुरक्षा गर्ने बैङ्कको उद्देश्य रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी घिमिरेले बताउनुभयो ।

गाउँपालिकाले बजेट विनियोजन गरेका, सङ्घीय र प्रदेशका आयोजनामा श्रम बैङ्कमार्फत जनशक्ति आपूर्ति गरिने उहाँले उल्लेख गर्नुभयो । गाउँपालिकाभित्र रहेका निर्माण व्यवसायी र सञ्चालकहरूलाई पनि रोजगार बैङ्कमा सूचीकृत प्रमुख प्रशासकीय अधिकृत घिमिरले बताउनुभयो ।

चालु आर्थिक वर्षमा रु तीन करोड छ लाख बजेट बराबरको योजना श्रम बैङ्कमार्फत कार्यान्वयन गरिने गाउँपालिकाका प्रशासकीय अधिकृत प्रकाश गैरेले बताउनुभयो । "विकास निर्माणका अलावा सामाजिक गतिविधिमा पनि श्रम बैङ्कका जनशक्तिलाई परिचालन गर्छौं," उहाँले भन्नुभयो, "श्रम बैङ्क सञ्चालनका लागि कार्यविधि बनाएका छौं, श्रमिकको सम्मान र श्रमको उचित ज्यालाको सुनिश्चितता गर्न गाउँपालिका प्रतिबद्ध छ ।" गाउँपालिकाले ताराखोलामा रहेका सबै दुई हजार दुई सय घरधुरीबाट एक/एकजनालाई बैङ्कमा आबद्ध गराउने लक्ष्य लिएको छ । कार्यविधिमा दैनिक आठ घण्टा काम गर्ने मजदुरलाई गाउँपालिकाको योजनामा प्रतिघण्टा रु एक सय १०, प्रदेश, सङ्घीय योजना र निजी क्षेत्रका काममा प्रतिघण्टा रु एक सय १५ का दरले ज्याला उपलब्ध गराइने व्यवस्था छ । मासिक रु १७ हजार तीन सय ज्यालामध्ये ३१ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरिने भएको छ । गाउँपालिकाले श्रमिकलाई काम दिन नसके वा श्रमिकको एक महिनाको ज्याला रु १० हजार आठ सय २० भन्दा कम दिएमा सामाजिक सुरक्षा कोषमा गाउँपालिकाले २० प्रतिशत र श्रमिकले ११ प्रतिशत जम्मा गर्ने व्यवस्था गरिएको छ । एक महिनाको ज्याला रु १० हजार आठ सय २० भन्दा बढी भएमा गाउँपालिकाले १० प्रतिशत र श्रमिकले २१ प्रतिशत बराबरको रकम जम्मा गर्नुपर्नेछ । श्रम बैङ्कमा आबद्ध निर्माण व्यवसायीले सामाजिक सुरक्षा कोषमा २६ प्रतिशत र गाउँपालिकाले ६ प्रतिशत जम्मा गर्नेछन् ।

श्रम बैङ्कमा आबद्ध श्रमिक र आश्रित परिवारलाई सामाजिक सुरक्षा भत्ता, औषधि उपचार, मातृत्व सुरक्षा योजना, बिरामी बिदा, दुर्घटना बीमा, किरिया खर्च, शैक्षिक छात्रवृत्तिलगायत सुविधा उपलब्ध गराइने गाउँपालिकाले जनाएको छ । एकजना श्रमिकको सामाजिक सुरक्षाका लागि उनीहरूको १० प्रतिशत सहभागितासहित वार्षिक रु एक लाख १५ हजार १९ खर्च गरिने भएको छ । श्रम रोजगार बैङ्कमा आबद्ध सदस्यहरूका लागि कार्यस्थलमा मादक पदार्थ सेवन गर्न नपाउने, तोकिएको पोसाक र सामग्रीसहित गाउँपालिकाले लगाएको काम गर्नुपर्ने, काममा अनुपस्थित हुँदा व्यवस्थापकलाई जानकारी गराउनुपर्ने, सार्वजनिक रूपमा गाउँपालिकाविरुद्ध अभिव्यक्ति दिन नपाउनेलगायत आचारसंहिता बनाइएको गाउँपालिकाका अध्यक्ष बिकले बताउनुभयो । श्रम रोजगार बैंकमा आबद्ध चन्द्रबहादुर रोकाले गाउँपालिकाले युवालाई लक्ष्य गरी रोजगारको कार्यक्रम ल्याएकामा खुशी व्यक्त गर्नुभयो । केही दिनभित्रमा गाउँपालिकासँग सम्झौता गरेर सबै श्रमिक सदस्य कार्यस्थलमा खटिने उहाँको भनाइ छ। गाउँपालिकाका पाँचवटै वडाका युवा जनशक्ति श्रम रोजगार बैङ्कमा आबद्ध भएका छन् । युवाको आवेदन र वडा कार्यालयको सिफारिसका आधारमा गाउँ कार्यपालिकाले रोजगार बैङ्कमा आबद्ध हुने श्रमिकको छनौट गरेको थियो । १८ देखि ४० वर्ष उमेर समूहका युवाका अतिरिक्त प्राविधिक सीपमा दखल राख्ने ६० वर्षसम्मका व्यक्तिहरूलाई समेत आवश्यकताका आधारमा श्रम रोजगार बैङ्कमा आबद्ध गरिने गाउँपालिकाले जनाएको छ । पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पौडेलले श्रमिकको सम्मान र सुरक्षाका लागि ताराखोला गाउँपालिकाले देशमै नमुना कार्यक्रम सुरु गरेको बताउनुभयो । गाउँमै रोजगारी सिर्जनाका साथै गुणस्तरीय पूर्वाधार विकासमा श्रम रोजगार बैङ्क कोशेढुङ्गा बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।


## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

◆सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
◆सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
◆सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।
◆सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
◆सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राखेप अर्न्तगत भौतिक पूर्वाधार अध्ययन तथा वर्गीकरण समितिको टोली तनहुँमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

राष्ट्रिय खेलकुद परिषद(राखेप) अर्न्तगत हालै गठन भएको भौतिक पूर्वाधार अध्ययन र वर्गीकरण समितिको उक्त टोली गण्डकी प्रदेशको नवलपुर हुदै बुधबार तनहुँमा आइपुगेको छ। टोलीले बुधबार तनहुँका विभिन्न खेल मैदान तथा त्यहाँका भौतिक संरचनको बारेमा अध्ययन अवलोकन गरेको छ।

टोलीसंग व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, जिल्ला खेलकुद विकास समिति तनहुँका अध्यक्ष अनिल पाण्डे, कार्यालय प्रमुख शिवहरी पण्डित, व्यस नगरपालिका वडा नम्बर ५ का अध्यक्ष बिष्णुकुमार श्रेष्ठ लगायतको सहभागितामा छलफल समेत भएको समितिका सदस्य डिबी नेपालीले बताउनु भयो । उक्त समितिका संयोजक राखेप सदस्य राजेश गुरुङ, समितिका सदस्य एवं साविक पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका (नासु) डम्बर बहादुर (डिबी) नेपाली अर्को सदस्य एवं जिल्ला खेलकुद विकास समिति कास्कीका इन्जिनियर अनिल अधिकारी लगायतको सहभागिता रहेको छ । टोलीले मंगलबार गैडाकोटमा रहेको खेल मैदान तथा कभर्ड हलको अध्ययन अवलोकन गरेको थियो । राखेपले साविका क्षेत्रीय तथा प्रदेश सरकारसंग समन्वय गरी छलफल गर्ने, स्थानीय सरकारसंग समन्वय गरी छलफल गर्ने,खेलकुदका सरोकारवालाहरुसंग समन्वय, छलफल गर्ने, अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरका संरचनाहरुको पहिचान गर्ने, प्रदेश स्तरीय र स्थानीय स्तरका संरचनाहरुको पहिचान गर्ने, खेलकुद पूर्वाधार नीति सम्वाद २०७९ मा भएका निष्कर्षका आधारमा छलफल गर्ने अधिकार दिएको छ। त्यसै गरी पूर्वाधार निर्माणका लागि प्रस्तुत भए बमोजिम अन्तर ष्ट्रिय र राष्ट्रिय स्तरका तालिम केन्द्र र प्रतिष्ठान स्थापना गर्ने संरचनाहरुको बर्गिकरण गर्ने, राष्ट्रिय खेलकुद नियमावली २०७९ को परिच्छेद ६ को ४ बमोजिम भौतिक पूर्वाधार हस्तान्तरण गर्ने मापदण्ड बमोजिम प्रतिवेदन तयार गर्ने, जिल्ला खेलकुद तथा क्षेत्रीय खेलकुद विकास समिति मातहत रहेका पूर्वाधारको अवस्था र त्यहाँको आम्दानीको विवरण, प्रकृयाको अवस्था अध्ययन गर्ने लगायका अधिकार दिएको छ ।

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ आफुहरुले यस क्षेत्रमा खेलकुदको भौतिक पूर्वाधार अध्ययन र वर्गीकरण गरी त्यसको छिट्टै नै परिणाममुखी प्रतिवेदन पेश गर्ने संयोजक गुरुङले जनाउनु भयो ।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# मेलमिलाप व्यवहामा देखाऊ

नेपाली काङ्ग्रेसले पौष १६ गते राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउँदै आएको छ । काङ्ग्रेस नेता बिपी कोइराला लगायतका नेता २०३३ साल पौष १६ गते भारत निर्वासनबाट नेपाल आएको दिनलाई राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउँदै आएको छ । ४८ औँ राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा नेपाली कांग्रेसले लोकतन्त्रका लागि आन्दोलन गरेका दलका नेताहरुलाई एकै थलोमा राखेर एकताको सन्देश दिएको छ । शान्तिपूर्ण आन्दोलनबाट प्राप्त उपलब्धीलाई जोगाउँदै जनताको समृद्धीको चाहना पूरा गर्न आन्दोलनकारी शक्तिहरुको एकता अहिले खाँचो छ । 'शान्ति र संविधान दलहरुकोसहकार्यबाट प्राप्त भएको हो । विकास, समुन्नति पनि सहकार्यबाट हासिल हुनसक्छ। समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले लोकतान्त्रिक व्यवस्था नै विश्वको उच्चतम राजनीतिक व्यवस्था भएको स्पष्ट पारेर शान्तिको पक्षमा उभ्याएका छन।राष्ट्रिय एकता तथा मेलमिलापलाई लोकतान्त्रिक गणतन्त्रको पक्षमा नयाँ संकल्पसाथ जनतामा जान आफूहरू चुकेको प्रचण्डको स्वीकारोक्तिले अबको मार्गचित्रले सकारात्मक सन्देश दिने छ ।

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले लोकतन्त्रको विकल्प सोच्न पनि नसकिने भन्दै लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ पारेर मात्रै जनआकांक्ष पूरा गर्न सकिने बताए । मेलमिलापको आवश्यकता र औचित्य वृद्धि हुँदै गएकाले परिवर्तनका पक्षमा संकल्प गर्ने सबै दलबिच स्वस्थ प्रतिस्पर्धासहितको एकता र मेलमिलाप हुनु राष्ट्रहितमा भएको विचार देउवाले राखे। प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिस्पर्धाभित्र पनि लोकतन्त्रको रक्षाका लागि एकता अपरिहार्य भएको स्पष्ट पारे । काङ्ग्रेसलाई एकताका लागि पहल लिएकोमा धन्यवाद दिएर संविधानको रक्षाका लागि प्रमुख दलहरु सँगै रहेको सन्देश दिनु मेलमिलाप दिवसको सार्थकता हो ।

एउटै मञ्चमा देशका शीर्ष राजनीतिक दलका शीर्ष नेताहरूले राष्ट्रिय एकता तथा मेलमिलापका पक्षमा अभिव्यक्ति दिनुलाई केवल भाषणमा मात्र नभएर व्यवहारमा उतार्न आवश्यक छ । नेपालको मूल समस्या गरिबी हो तर लोकतान्त्रिक गणतन्त्रविरुद्धका सबै जोखिम न्यूनीकरण गर्दै अगाडि बढ्दा सुशासन र समृद्धि हासिल हुन्छ । गरिबीविरुद्धको विजय सुनिश्चित हुने छ । राजनीतिक व्यवस्था परिवर्तनको अनेक चक्रमा अब देशले कल्पना गर्न सक्दैन । देश पछाडि फर्कन सक्दैन । लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको संस्थागत विकास नै मूल मार्गचित्र हो ।

संविधान सभाबाट जारी गरिएको नेपालको संविधानले सुनिश्चित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा नै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनआकंक्ष पूरा गर्न सकिन्छ भन्नेमा राजनीतिक दलहरू सहमत भएर एक ठाउँमा उभिन सक्नु यतिबेला देशको आवश्यकता हो । अझ बढी एकता र मेलमिलापबाटै आगामी चुनौतीको सामना गर्न हिजोका आन्दोलनका सहयात्री र संविधान निर्माणमा सहकार्य गरेका दलहरुबीच सहमति खाँचो छ । गठबन्धन गरेर एकले अर्कोलाई कमजोर बनाउन खोज्दा आँफै कमजोर भइन्छ । परिवर्तनलाई उल्ट्याउन खोज्नेहरुलाई संगै भएको सन्देश दिन कित्ताकाँट नगरी सके सहमतिका आधारमा नभए स्वस्थ प्रतिस्पर्धाका आधारमा जाने संकल्प गरेमा मेलमिलाप दिवसको सार्थकता देखिनेछ ।



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलतामन | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दुई करोड लागतमा म्याग्देमा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, १८ पुस

तनहुँको म्याग्दे गाउँपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएको छ ।

म्याग्देका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ र उपाध्यक्ष बालकृष्ण घिमिरेले संयुक्त रूपमा उक्त केन्द्र शुभारम्भ गर्नुभएको थियो । स्थानीय तहहरूलाई फोहरमैला व्यवस्थापनमा सकस हुँदै आएकाले फोहरमैला व्यवस्थापन केन्द्र निर्माणपछि केही सहज हुने गाउँपालिकाले जनाएको छ । अध्यक्ष श्रेष्ठले भन्नुभयो, "अधिकांश स्थानीय तह त्यसमाथि पनि सहरीकरणको गतिमा बढेको पालिकालाई फोहरमैला व्यवस्थापनमा चुनौती हुँदै आएको थियो । डम्पिङ साइड सञ्चालनमा आएपछि फोहरमैला व्यवस्थापन धेरै हदसम्म सहज हुन्छ ।" गाउँपालिकाको बजार क्षेत्रमा सङ्कलन हुने कुहिने र नकुहिने दुवै प्रकारका फोहरहरू उक्त सङ्कलन तथा व्यवस्थापन केन्द्रमा जम्मा गरिने जनाइएको छ । उपाध्यक्ष घिमिरले फोहर सङ्कलन केन्द्रबाट कुहिने र नकुहिने फोहर छुट्याइने र कुहिने फोहरबाट मल उत्पादन गरिने र नकुहिने फोहरबाट अन्य उत्पादन गरी मोहर बनाइने बताउनुभयो । २२ रोपनी आठ आना जग्गा खरिद गरी फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो । गाउँपलिकाले विसं २०७८ चैत ९ गते स्थानीयवासीसँग रु ३३ लाखमा जग्गा खरिद गरेको थियो । जग्गा खरिदलगायत गरी फोहरमैला व्यवस्थापन केन्द्र निर्माणमा रु दुई करोड १५ लाख खर्च भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । फोहरमैला व्यवस्थापन केन्द्रका लागि रु २१ करोडको गुरुयोजना तयार भएको छ । गुरुयोजनाअनुसार केन्द्रसम्म पुग्ने सडक कालोपत्र गर्न बाँकी छ । अधिकारीका अनुसार करिब पाँच हजार घरधुरीबाट फोहरमैला सङ्कलन गरिनेछ।फोहर सङ्कलनका लागि टिपरसमेत खरिद भइसकेको छ । फोहरमैला व्यवस्थापनका लागि सर्वसाधारणसँग न्यूनतम रु एक सय शुल्क लिइने अधिकारीले बताउनुभयो । केन्द्रमा तीनजनालाई रोजगारी दिइएको छ । साप्ताहिक रूपमा सबै वडामा पुगेर फोहरमैला सङ्कलन गरिने जनाइएको छ । छिमेकी पालिका व्यास र शुक्लागण्डकी नगरपालिकासँग समेत रोयल्टी लिएर त्यस ठाउँको फोहर यहाँ व्यवस्थापन गर्न सकिने विषयमा छलफल भएको अधिकारीले बताउनुभयो । गाउँपालिकाको आन्तरिक स्रोतबाट उक्त डम्पिङ साइड निर्माण गरिएको हो । उक्त केन्द्र निर्माणको थालनी विसं २०८० वैशाख ३ गतेदेखि भएको थियो । शुक्लागण्डकी नगरपालिका-४ स्थित लाहुरे काइला बिल्डर्ससँग सम्झौता भई डम्पिङ साइट निर्माण गरिएको हो । गाउँपालिकाले हालै आयोजित गाउँसभाबाट वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन ऐन, २०८० पारित गरिसकेको छ ।

जिल्लाका दश स्थानीय तहमध्ये शुक्लागण्डकी नगरपालिकाले मात्रै यस अगाडि फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरेको थियो । तर उक्त केन्द्र पनि सञ्चालनमा आउन सकेको छैन । अन्य कुनै पनि स्थानीय तहमा फोहरमैला व्यवस्थापनका लागि डम्पिङ साइट बनेको छ । जिल्लाका सबैजसो स्थानीय तहलाई फोहरमैला व्यवस्थापनमा समस्या हुँदै आएको छ । अधिकांश स्थानीय तहले सङ्कलित फोहरमैला नदी किनारमा फाल्दै आएका छन् ।

# मुस्ताङका किसानलाई याक वितरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ पुस

नश्ल सुधारका लागि मुस्ताङका किसानलाई याक वितरण गरिएको छ । गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयअन्तर्गतको पशु तथा मत्स्य विकास निर्देशनालयले १० याक वितरण गरेको हो ।

सोलुखुम्बुको स्याङबोचेमा रहेको याक आनुवांशिक स्रोत केन्द्रबाट खरिद गरेर ल्याइएका याक मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसीले मङ्गलबार पोखरामा भएको कार्यक्रममा मुस्ताङका प्रदेशसभा सदस्य विकल शेरचन र नाम्दु गुरुङलाई हस्तान्तरण गर्नुभएको थियो ।

कृषि तथा भूमि व्यवस्थामन्त्री जिसीका निजी सचिव डिल्लीराम रेग्मीले सोलुखुम्बुबाट ल्याइएका १९ मध्ये नौ मनाङका किसान समूह र समितिलाई दिइने जानकारी दिनुभयो । "एकै ठाउँको याकबाट धेरै वर्ष प्रजनन क्रिया हुँदा हाडनाताको समस्या हुने भएकाले सोलुखुम्बुबाट ल्याएर चौँरीपालक किसान, समूह र सहकारीलाई वितरण गरिएको हो", उहाँले भन्नुभयो, "नश्ल सुधार भई चौँरीपालक किसानलाई लाभ पुग्ने अपेक्षा गरेका छौँ ।" मुख्यमन्त्री पाण्डेले उन्नत जातको याकबाट नश्ल सुधारमा मद्दत पुग्ने र हिमाली क्षेत्रका किसानलाई फाइदा हुने बताउनुभयो । गण्डकी प्रदेशको मुस्ताङ र मनाङमा व्यावसायिक चौँरीपालन हुने गरेको छ । म्याग्दी र कास्कीको लेकाली क्षेत्रमा पनि चौँरीपालन गरिएको छ ।

यातायात सुविधा नभएको ठाउँमा याकलाई भारी बोकाउन र मासुका लागि प्रयोग गरिन्छ । चौँरीको दूध, घिउ र छुर्पी बिक्री हुन्छ । याक चौँरीको आलो रगत निकालेरसमेत बिक्री गरिन्छ । मुस्ताङ र म्याग्दीमा साउन र चैतमा चौँरीको रगत पिउने मेला लाग्छ । धार्मिक कार्यमा प्रयोग हुने याकचौँरीको पुच्छर महँगो मूल्यमा बिक्री हुन्छ ।

मुस्ताङमा झण्डै चार हजार याकचौँरी रहेको हिमालयन चौरीपालन तथा संरक्षण समितिले जनाएको छ । थासाङ गाउँपालिकामा २२ घरधुरीले व्यावसायिकरूपमा एक हजार पाँच सयभन्दा बढी याकचौँरी पालेका छन् । घरपझोङ गाउँपालिकाको मार्फा, स्याङ र जोमसोम गरी आठ घरधुरीले करिब पाँच सय याकचौँरी पालेका छन् । बर्खामा हिमालको फेदी र लेकाली क्षेत्रमा लगिएका याकचौँरीको गोठ चिसो याममा बँैसी झारिएको छ ।

# मनास्लु क्षेत्रमा अहिलेसम्मकै धेरै पर्यटक

**रासस**
गोरखा, १८ पुस

प्रमुख पर्यटकीय गन्तव्यका रूपमा रहेको उत्तरी गोरखाको मनास्लु संरक्षण क्षेत्रमा सन् २०२३ मा अहिलेसम्मकै सर्वाधिक पर्यटक घुम्न पुगेका छन् ।

एक वर्षको अवधिमा यस वर्ष नौ हजार एक सय ६६ विदेशी पर्यटकले यस क्षेत्रको भ्रमण गरेको मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) का प्रमुख सन्तोष शेरचनले जानकारी दिनुभयो । "यस वर्ष अहिलेसम्मकै सर्वाधिक विदेशी पर्यटक मनास्लु क्षेत्रको भ्रमणमा आइपुगे", उहाँले भन्नुभयो, "पछिल्लो समय यस क्षेत्र पर्यटकको अत्यधिक रोजाइमा पर्न थालेको छ ।" सन् २०२२ मा यस क्षेत्रमा छ हजार एक सय दुई विदेशी पर्यटकले भ्रमण गरेका थिए । यसअघि सन् २०१९ मा सात हजार पाँच सय ५५ जनाले, सन् २०१८ मा सात हजार छ सय ५४ जनाले भ्रमण गरेकामा कोरोना सङ्क्रमणका कारण सन् २०२० मा तीन सय ३७ र सन् २०२१ मा नौ सय २५ जनाले मात्र मनास्लु क्षेत्र भ्रमण गरेको कार्यालय प्रमुख शेरचनले जानकारी दिनुभयो ।

विश्वमाझ चर्चा कमाउँदै गएको यस क्षेत्रमा सन् २०२४ मा १२ हजार विदेशी पर्यटकले घुम्न आउने अनुमान गरिएको उहाँको भनाइ थियो । पदयात्रा गर्ने पर्यटकले चुमभ्यालीतर्फ विश्वकै सर्वाधिक चर्चित शृङ्गी हिमाल, राजेन र मु गुम्बा अवलोकन गर्न पाउनेछन् भने नुब्री भ्यालीतर्फ कल्छुमन (काल) ताल, विश्वको आठौँ अग्लो मनास्लु हिमाल तथा वीरेन्द्र ताल अवलोकन गर्दै लार्के पास गरेर मनाङ पुग्न सक्छन् । त्यस्तै चुम भ्याली शृङ्गी हिमाल, भर्जिन हिमाल अवलोकनका साथै योगाभ्यासका लागि पनि विदेशी पर्यटक आउने गन्तव्य बन्दै गएको छ ।

यी दुवै क्षेत्रमा हिमचितुवाका साथै नाउर, घोरल, डाँफे, मुनाल र चौँरीसँगको सामिप्यतामा पर्यटक रमाउन पाउँछन् । मनास्लु क्षेत्र प्राकृतिक हिसाबले मनोरम र सामरिक हिसाबले पनि विशेष महत्वको क्षेत्र भएकाले पनि विदेशी पर्यटकको रोजाइमा पर्ने गरेको छ । विदेशी पर्यटकले यो क्षेत्रको भ्रमणका लागि प्रतिव्यक्ति रु एक हजार शुल्क तिर्नुपर्छ । निषेधित क्षेत्रको रूपमा रहेको मनास्लु क्षेत्रलाई सरकारले सन् १९९५ देखि पर्यटकका लागि खुला गरेको थियो ।

# देवघाटको पर्यटन विकासमा अध्यक्ष तिमिल्सिनाले सघाउने

**पोखरापत्र संवाददाता**
दमौली, १८ पुस

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले देवघाटधामको धार्मिक तथा पर्यापर्यटनको विकासमा सघाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । देवघाट गाउँपालिका-५ कालीमाटीस्थित जगन्नाथ शान्ति कुञ्जको अवलोकनपपछि अध्यक्ष तिमिल्सिनाले देवघाट देशकै प्रमुख धार्मिक तथा पर्यापर्यटनका लागि महत्वपूर्ण स्थान भएकाले यसको विकास र प्रचारप्रसारका लागि सरकारको ध्यानाकर्षण गराउने बताउनुभयो । उहाँले भन्नुभयो, "देवघाटधाममा विश्वमा प्रसिद्ध छ । यहाँको विकासका लागि सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता जाहेर गर्दछु ।"

देवघाटमा धार्मिक पर्यटन र कृषिको प्रचुर सम्भावना रहेको हुँदा यी विषयमा सङ्घीय सरकारले विशेष ध्यान दिनुपर्ने र देवघाट जोड्ने विभिन्न ठाउँमा मोटरेवल पुल निर्माणका लागि बजेट विनियोजन गर्नुपर्ने गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले बताउनुभयो ।

# मर्दी पदयात्रामा हराएका विदेशी पर्यटक अझै फेला परेनन्

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा अवस्थित मर्दी हिमाल पदयात्राका क्रममा गत पुस १४ गतेदेखि हराएका एक जना विदेशी पर्यटक अहिलेसम्म फेला पर्न सकेका छैनन् ।

स्विडेनका २० वर्षीय मिचल लिउ ब्लोम्बर्ग पदयात्राका क्रममा मर्दीको हाइक्याम्पबाट बेपत्ता भएको पाँच दिन व्यतीत हुँदासमेत खोजी र उद्धारमा जुटेको टोलीले उहाँको बारेमा केही जानकारी प्राप्त गर्न सकेको छैन । पर्यटक हराएको भोलिपल्टदेखिनै खोजीमा सुरक्षाकर्मी, माछापुच्छ्रे गाउँपालिका, पर्यटन व्यवसायी तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाबाट खोजीकर्ता परिचालन भए पनि अवस्था थाहा हुन नसकेको प्रहरीले जनाएको छ ।

पदमार्गको हाइक्याम्पको होटल म्याजिक माउन्टेनमा शुक्रबार बास बसेर शनिबार बिहान ४ बजे पानी र टर्चलाइटमात्र लिएर मर्दी आधार शिविरतर्फ जानुभएका मिचलको त्यसपछि अवस्था अज्ञात छ । उहाँले आफ्नो झोलालगायत सामग्री होटलमै छाडेर जानुभएको स्थानीय व्यवसायीको भनाइ छ । मर्दीको हाइक्याम्पबाट माथि अन्य होटल तथा रेष्टुराँ छैनन् । हाइक्याम्पबाट चार घण्टाको हिँडाइपछि मर्दी बेसक्याम्प पुगिन्छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले प्रहरीले सम्पर्क विहीन पर्यटकको खोजी गरे पनि अवस्था थाहा हुन नसकेको बताउनुभयो । "पर्यटक हराएको सूचनालगत्तै स्थानीय प्रहरी तथा पोखराबाट प्रहरी टोली गएर खोजी कार्यलाई निरन्तरता दिएका छौँ", विकले भन्नुभयो, "फेला पर्न सक्ने सम्भावना भएका सबै ठाउँमा खोजी गरे पनि अवस्था अहिलेसम्म थाहा हुन सकेको छैन ।"

मर्दी हिमाल पर्यटन व्यवस्थापन समितिका सचिव प्रदीप गौतमले चार हजार आठ सय मिटर उचाइको मर्दीको 'अपरबेसक्याप'सम्म पुगेर खोजी गरिएको जानकारी दिनुभयो । हिउँ परिरहेको र अप्ठ्यारो बाटोका कारण खोजीमा समस्या भएको उहाँले बताउनुभयो । गौतमले हेलिकप्टरबाट खोजी र उद्धारका लागि पहल भइरहेको जानकारी दिनुभयो ।



# एउटै व्यक्ति भएको सूचना

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १२ निवासी भारतीय सैनिक न. ९४१८६११ का सिपाही जीत बहादुर सेनकी पत्नी पवित्रा कुमारी सेनको नेपाली नागरिकताको प्रमाण पत्रमा जन्म मिति २०२१/०४/१० भएको र पेन्सन अभिलेखमा जन्म मिति २०२७/०१/२५ कायम भएता पनि दुबै जन्म मिति भएको ब्यक्ति एउटै भएको ब्यहोरा सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# सार्वजनिक सूचना

कास्की जिल्ला आर्वा विजया-१ बस्ने ज्योती बरालको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ४९२२, ४९२४ को क्षेत्रफल १४७.०६ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. ५२६७ र पश्चिम तर्फ कि. नं. ५२५०, ५२४८ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# परम्परामात्र बन्दै घुम्ती गोठ

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ पुस

म्याग्दीका लेकाली क्षेत्रका किसानले घुम्ती गोठलाई आयआर्जनको साधन बनाउन नसक्दा परम्परागतरूपमा मात्र सञ्चालन हुँदै आएका छन् ।

यहाँका किसानले घुम्ती गोठका पशुचौपायालाई अझैसम्म पनि आयआर्जनको माध्यम बनाउन सकेका छैनन् । युवापुस्ता वैदेशिक रोजगारीमा आकर्षित हुनु र पाको पुस्ताले घुम्ती गोठलाई आधुनिकीकरण गरी व्यावसायिक प्रयोजनका रूपमा विकास गर्न नसक्नुले घुम्ती गोठ केवल परम्परा धान्ने र दिन कटाउने माध्यममात्रै बन्दै गएका छन् । म्याग्दीका धवलागिरि, मालिका र रघुगङ्गा गाउँपालिकाका गाउँमा घुम्ती गोठ राख्ने प्रचलन छ । यहाँका किसानले खेतबारीलाई मलिलो बनाउन र बाँझो पाखाको घाँस खुवाउनमात्र घुम्ती गोठ राख्ने गरेको धवलागिरि-३ का लोकबहादुर विकले बताउनुभयो ।

गाउँपालिकाले खेतीपातीसँगै घुम्ती गोठलाई आर्यआर्जनको माध्यम बनाउन विभिन्न कार्यक्रम ल्याएको भए पनि किसानकै उदासिनताका कारण कार्यक्रम लाभदायी हुन नसकेको उहाँले बताउनुभयो । पछिल्लो समय भेडागोठ आयस्रोतको माध्यम बनेको छ भने अन्य गाईभैंसीपालन गर्ने किसानले आयस्रोतका रूपमा विकास गर्न नसकेको उहाँको भनाइ छ। बाँझो जमिनलाई स्थानीयले गाईभैंसी, गोरु र बाख्रा पाल्ने अस्थायी गोठका रूपमा प्रयोग गरेका छन् । बाजेहरूले गर्दै आएको परम्परागत घुम्ती गोठले खेती टाढा भएको जग्गामा अस्थायी टहरा बनाएर खेतीका लागि जग्गा मलिलो बनाउन घाँस खुवाउने प्रचलनमा सीमित रहेको धवलागिरि-१ गुर्जाका वडाध्यक्ष झक छन्त्यालले बताउनुभयो ।

टाढा खेती भएको जग्गामा मल बनाउन र वरिपरि बाँझो रहेको जग्गाको घाँस खुवाउन घुम्ती गोठ कायम रहेको वडाध्यक्ष छन्त्यालले जानकारी दिनुभयो। घुम्ती गोठ धवलागिरि गाउँपालिकाको गुर्जा, लुलाङ, मुना, मुदी, मराङ र मल्कवाङमा रहेका छन् ।

त्यस्तै रघुगङ्गाको चिमखोला कुइनमङ्गले र अन्नपूर्णको शिख, पाउद्वार र दोबामा भेडा तथा गाईभैंसीको घुम्ती गोठ कायम छन्। पछिल्लो समय गाउँगाउँमा सडक र वैदेशिक रोजगारीले खेती तथा पुशपालनका घुम्ती गोठ कम हुँदै गएका छन् । जनतालाई विकास र आयआर्जनसँग जोड्ने काम जनप्रतिनिधिको भए पनि युवापुस्तालाई कृषि तथा पशुपालनतर्फ रुचि नभएका कारण परम्परागत पेसालाई व्यावसायिक बनाउन नसकिएको जनप्रतिनिधिले बताएका छन् । "युवाहरू वैदेशिक रोजगारका लागि मरिहत्ते गर्छन्, पुरानो पुस्ताले आफ्नै रैथाने तरिका परिवर्तन गर्न चाहँदैनन्", धवलागिरि-३ मुनाका पुर्म पुनले भन्नुभयो । वडाध्यक्ष पुनका अनुसार उन्नत तरिकाको खेती, व्यावसायिक पशुपालन र आयआर्जनमूलक कार्यक्रममार्फत गाउँको विकास गर्न सकिने प्रशस्तै सम्भावना यहाँ रहेका छन् । यहाँका बासिन्दा खाली जग्गालाई घुम्ती गोठका रूपमा बाहेक अरु कुरामा प्रयोग गर्न मान्दैनन् ।

कृषि र पशुपालनमा प्रशस्तै सम्भावना भएको यस ठाउँबाट स्थानीयले लाभ लिन नसकेको वडाध्यक्ष पुनको भनाइ छ। घुम्ती गोठलाई व्यवस्थित बनाइ त्यहाँ व्यावसायिक कृषि गर्ने सोच भए पनि स्थानीयको बेवास्ताका कारण त्यसो गर्न नसकिएको उहाँको भनाइ छ। "गाउँपालिका र वडाले पैसा दिन्छ, अलि फरक तरिकाले पशुपालन गरौंभन्दा पनि मान्नुहुन्न", वडाध्यक्ष पुनले भन्नुभयो । उहाँका अनुसार यहाँका बासिन्दाको आम्दानीको मुख्य स्रोत भनेकै वैदेशिक रोजगार हो। विदेशबाट आउने रेमिट्यान्सले नै यहाँको दैनिकी धानिएको छ । चिसो बढेसँगै मुना, लुलाङ र गुर्जाका किसानले घुम्ती गोठ बैंसी झार्ने गर्दछन् । गर्मी बढेसँगै माथि लैजाने चलन कायम रहेको छ । धवलागिरि गाउँपालिका क्षेत्रमा भेडापालनको प्रचुर सम्भावना रहेकाले आफूले पनि यस पेसालाई अँगालेको धवलागिरि-५ का देवान छन्त्याल बताउनुहुन्छ । पछिल्लो समय यस क्षेत्रमा रहेका परम्परागत गोठ विस्तारै घट्दै गएको, युवाहरूको आकर्षण नबढेको र पुराना गोठ पनि बिक्री गर्ने प्रचलन बढेकाले भेडापालन व्यवसायलाई प्रवर्द्धन गर्न स्थानीय सरकार र सम्बद्ध निकायको ध्यान जान जरुरी रहेको उहाँको भनाइ छ।

बैंसीबाट धवलागिरिको आधार शिविरसम्म नै भेडीगोठ सारिरहने प्रचलन छ । गोठको सुरक्षाका लागि भोटेकुकुर पहिलो रोजाइमा पर्छ । चार पुस्तादेखि व्यावसायिकरूपमा भेडाबाख्रा पाल्दै आएका रघुगङ्गा-२ साझपानीका नन्दबहादुर भण्डारीको भेडीगोठको इतिहास एक सय सात वर्षको रहेको छ। उहाँले जाडो समयमा बैंसी र गर्मी समयमा धवलागिरि, अन्नपूर्ण र निलगिरि हिमालको काखमा भेडाको बथान पुर्‍याउने गर्नुहुन्छ । अन्य आम्दानीको आधार नभएपछि परिवारको खर्च जुटाउन घुम्ती गोठ राखेर भेडापालन गरेको उहाँको भनाइ छ । उहाँले पशुलाई आहाराको कमी हुन नदिन चिसोको समयमा घुम्ती गोठ बैंसी झार्नुहुन्छ भने गर्मीको समयमा लेकतर्फ उकाल्ने गरेको बताउनुभयो ।

लामोसयमदेखिखोप्रालेकको आसपासमा बाल्यकालदेखि नै भेडा-बाख्रापालन गरेका ६५ वर्षीय तुलबहादुर तिलिजाको गोठमा दुई सय ७० भेडाबाख्रा छन्। विस्थापित भएर अन्य पेसा तत्काल गर्न नसक्ने अवस्थामा हुँदा भेडापालन गरिरहेको उहाँले बताउनुभयो ।

# लम्जुङको राइनासकोटमा एगाको घरवास तथा व्यवसायिक प्रवर्द्धन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस



इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएसन( एगा) पोखराले लम्जुङको राइनासकोटमा घरवास तथा व्यवसायिक प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरेको छ ।

एगामा आवद्ध सदस्यहरू, पर्यटन सम्बद्ध विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सञ्चारकर्मी सहितको ७१ सदस्यीय टोलीले राइनासकोट सामुदायिक घरवास((होमस्टे) मा पुगी घरवास तथा व्यवसायिक प्रवर्द्धन गरेको एगा पोखराका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक गोकर्ण लम्सालले जानकारी दिनुभयो । प्रवर्द्धनका क्रममा त्यहाँस्थित ऐतिहासिक मन्दिर, त्यहाँबाट देखिने सूर्योदयको अवलोकनसँगै सरोकारवालाबीच अन्तरक्रिया समेत गरिएको थियो।अन्तरक्रियामाराइनासाकोट नगरपालिकाका प्रमुख खड्गबहादुर गुरुङले पर्यटकीय रुपमा राइनासकोटको विकासका लागि आँफूहरू लागेको बताउँदै एगासँग पर्यटकीय साझेदारी बढाउने कुरामा नगरपालिका तयार रहेको बताउनुभयो । पछिल्लो समयमा शहरमुखी बन्ने क्रमले ग्रामिण वस्तीहरू खाली हुँदै गएको बताउँदै उहाँले पर्यटकीय सम्भावनालाई उजागर गर्दै घरवास मार्फत ग्रामिण क्षेत्रको पर्यटकीय विकासमा जोड दिइने बताउनुभयो ।

एगाका सल्लाहकार एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष चिरञ्जीवि पोखरेलले पोखरा नजिकका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन जरुरी रहेको बताउँदै घरवासहरूमा गरिने आतिथ्यता तथा व्यवहारले पर्यटकको आकर्षण बढाउने उल्लेख गर्नुभयो । राइनासको पर्यटकीय विकासका लागि अन्य पर्यटकीय पूर्वाधार विकासमा उहाँले जोड दिनुभयो। एगा पोखराका अध्यक्ष इन्द्रप्रसाद भण्डारीले एगाले नेपालको पर्यटकीय चिनारी हुने किसिमका सामाग्री तयार गरी नेपालको पर्यटन प्रवर्द्धनमा विशिष्ट योगदान गरिरहेको बताउनुभयो । राइनासकोटसँग पर्यटकीय साझेदारी विकास गर्ने कुरामा एगा पोखरा तयार रहेको उहाँले बताउनुभयो। होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले पोखराको पर्यटकीय विकासका लागि आसपासका पर्यटकीय गन्तव्यको विकास र प्रवर्द्धन आवश्यक भएको बताउनुभयो । एगा पोखराका अध्यक्ष भण्डारीको सभापतित्व एवम् सचिव गीता ढकाल पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा एगा पोखराका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक गोकर्ण लम्साल, पोखरा टेलिभिजनका प्रबन्ध निर्देशक एवम् न्युनतम पारिश्रमिक निर्धारण समितिका सदस्य माधव पनेरु, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मा, पर्यटन विश्लेषक एवम् पत्रकार दीपेन्द्र पहारी लगायतले पर्यटनलाई उत्पादनसँग जोड्ने गरी होमस्टेको प्रवर्द्धन र विकास आवश्यक भएको बताउनुभयो । कार्यक्रममा एगा पोखराका संस्थापक अध्यक्ष बेदप्रसाद पाण्डे, पूर्व अध्यक्ष एवम् सल्लाहकारद्वय जीवनाथ गौतम र कृष्णकुमार श्रेष्ठ, विभिन्न पर्यटन सम्बद्ध संस्थाका अध्यक्ष लगायतको उपस्थिति थियो ।

# वडाध्यक्ष थापालाई लण्डनको लेविसम काउन्सीलका मेयरबाट सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस



पोखरा महानगरपालिका वडा नं. २६ का वडाध्यक्ष नरेन्द्र थापा बेलायतको लण्डन शहरको दक्षिण पूर्वि भेगमा रहेको स्थानीय निकाय बरो अफ लेविसम काउन्सीलका मेयरबाट सम्मानित भएका छन् ।

एभरेष्ट इन समूहको सहकार्यमा सामाजिक एवं सामुदायिक हितका लागि कार्य गरेवापत अध्यक्ष थापालाई मेयर ताउसेफ अनवरले लेविसम काउन्सीलमा सम्मान गरेका हुन् ।

बेलायत भ्रमणमा रहेका थापालाई सम्मान गर्दै, मेयर एवं काउन्सीलका प्रवक्ता समेत रहेका अनबरले आफ्नो नगर र पोखरा महानगरका बिच मित्रताका लागि चाँडैनै संझौता हुने विश्वास व्यक्त गरे। उनले लेविसम नगरका तर्फबाट पोखरेली जनतालाई मित्रता र सद्भावको सन्देश समेत दिएका छन्। म ५० हजार जनताको तर्फबाट पोखराका जनतालाई मित्रताको सन्देश दिन चाहन्छु, मेयर अनबरले भने- "यसले जनस्तरको सम्वन्ध अझ प्रगाढ बनाउने छ।" वडाध्यक्षले थापाले पोखरा भ्रमणका लागि दिएको निमन्त्रण स्विकार गर्दै, मेयर अनबरले त्यसलाई सहकार्यको अवसरका रुपमा प्रयोग गर्ने बताए । वडाध्यक्ष थापाले यसअघि लण्डन सर्दक काउन्सीलका मेयर सुनिल चोप्राले पनि रोयल ट्रेकको भ्रमण गरेको जानकारी गराउँदा, मेयर अनबरले चोप्रा र आफुबिच पनि घनिष्ट सम्वध रहेको बताएका थिए। त्यस अवसरमा मेयर अनबरले काउन्सीलको बैठक प्रक्रियाका बिषयमा जानकारी गराएका थिए । त्यस अवसरमा अध्यक्ष थापाले पोखरा महानगर र वडा नं. २६ मेयर अनवरको स्वागत गर्न आतुर रहेको बताएका थिए । त्यस अवसरमा एभरेष्ट इनका पशुपति भण्डारी लगायतको उपस्थिति रहेको थियो ।

# लमजुङमा 'हाइ अल्टिच्युड'को प्याराग्लाइडिङ विद्यालय स्थापना

**रासस**
काठमाडौं, १८ पुस

लमजुङमा 'हाइ अल्टिच्युड'को प्याराग्लाइडिङ विद्यालय सञ्चालनमा आएको छ। लमजुङको दोर्दी गाउँपालिका-८ थौँतीमा बाबु एडभेञ्चर प्याराग्लाइडिङ कम्पनीले उक्त विद्यालय सञ्चालनमा ल्याएको हो ।

तीन हजार नौ सय मिटर उचाइमा रहेको उक्त विद्यालयमा उच्च हिमाली भेगमा कसरी प्याराग्लाइडिङमा उड्ने र उडान गर्नेबारे सीप सिकाइने कम्पनीका सञ्चालक सानोबाबु सुनुवारले जानकारी दिनुभयो । नागरिक उड्डयन प्राधिकरणको स्वीकृति र स्थानीय तहसँगको सहकार्यमा विद्यालय सञ्चालन गरिएको उहाँको भनाइ छ। प्याराग्लाइडिङ विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधारका लागि दोर्दी गाउँपालिकाले समेत सहयोग गरेको गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीलेबताउनुभयो।गाउँपालिकामा रहेको भेडीगोठ सहितका अन्य पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि पनि प्याराग्लाइडिङ विद्यालय महत्वपूर्ण हुने उहाँको भनाइ छ । पालिकामा प्याराग्लाइडिङ विद्यालय स्थानीयका लागि समेत नयाँ अवसर भएको अध्यक्ष अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "पर्यटकीय क्षेत्रमा नै विद्यालय सञ्चालन हुँदा स्थानीयलाई रोजगारी प्राप्त हुन्छ । यसबाहेक स्थानीयले तालिम समेत लिन मिल्ने भएपछि रोजगारीको समेत अवसर हो।" बाबु एडभेञ्चर प्याराग्लाइडिङ कम्पनीले नौ वर्षदेखि स्याङजाको भीरकोट नगरपालिका-५ स्वरेक मैदानमा प्याराग्लाइडिङ विद्यालय सञ्चालन गर्दै आएको छ । प्याराग्लाइडिङ विद्यालयसँग सहकार्य र सहयोगका लागि विभिन्न कम्पनीले चासो देखाएका छन् । हालैमात्र रेडबुलको ' एड्भेन्चर' टोली नेपाल आएर विद्यालयको अवलोकन गरेको थियो । त्यसपश्चात उनीहरूले विद्यालयसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको सञ्चालक सुनुवारले बताउनुभयो। नेपालमा हिमाल आरोहणका लागि मात्रै नभई विदेशी पर्यटक 'हाइ अल्टिच्युड' प्याराग्लाइडिङका लागि आउने नेपाल हवाई खेलकुद संस्था (ना) का निवर्तमान अध्यक्ष कृष्ण भट्टराईले बताउनुभयो । सामान्य प्याराग्लाइडिङ विश्वको धेरै ठाउँमा उपलब्ध रहेको भए पनि हाइ अल्टिच्युड भने नभएको उहाँको भनाइ छ । नेपालमा हाइ अल्टिच्युड प्याराग्लाइडिङको अत्यधिक सम्भावना रहेकाले उक्त विद्यालय महत्वपूर्ण हुने भट्टराईको विश्वास छ । "नेपालमा प्याराग्लाडिङ र साहसिक पर्यटनका लागि धेरै उत्कृष्ट गन्तव्य छन्", उहाँले भन्नुभयो। विद्यालय सञ्चालनले साहसिक प्याराग्लाइडिङ उडानमा दक्ष जनशक्तिको उत्पादन र विदेशी मुद्रा आर्जनमा समेत सहयोग पुग्ने उहाँको विश्वास छ।

# राखेप अन्तर्गत भौतिक पूर्वाधार अध्ययन तथा वर्गीकरण समितिको टोली नवलपुरमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

राष्ट्रिय खेलकुद परिषद हालै गठन गरेको भौतिक पूर्वाधार अध्ययन र वर्गीकरण समितिको उक्त टोली हाल गण्डकी प्रदेशको नवलपुर जिल्लामा पुगेको छ।

उक्त समितिका संयोजक राष्ट्रिय खेलकुद परिषद (राखेप) का सदस्य राजेश गुरुङ, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्मा, समितिका सदस्य एवं साविक पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका (नासु) डम्बर बहादुर (डिबी) नेपाली अर्को सदस्य एवं जिल्ला खेलकुद विकास समिति कास्कीका इन्जिनियर अनिल अधिकारी लगायतको सहभागिता रहेको थियो ।

टोलीले मंगलबार गैडाकोटमा रहेको खेल मैदान तथा कभर्ड हलको अध्ययन अवलोकन गरेको टोलीमा सहभागि एक सदस्य डिबी नेपालीले पोखरापत्रलाई बताउनु भयो। त्यसै गरी टोलीले भोलि बुधबार कावासोती लगायतका पालिकाहरुमा खेल मैदान तथा भौतिक संरचनाको बारेमा अध्ययन अवलोकन गर्ने भएको छ । राखेपले साविका क्षेत्रीय तथा प्रदेश सरकारसंग समन्वय गरी छलफल गर्ने, स्थानीय सरकारसंग समन्वय गरी छलफल गर्ने,खेलकुदका सरोकारवालाहरुसंग समन्वय, छलफल गर्ने, अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरका संरचनाहरुको पहिचान गर्ने, प्रदेश स्तरीय र स्थानीय स्तरका संरचनाहरुको पहिचान गर्ने, खेलकुद पूर्वाधार नीति सम्वाद २०७९ मा भएका निष्कर्षका आधारमा छलफल गर्ने अधिकार दिएको छ।

त्यसै गरी पूर्वाधार निर्माणका लागि प्रस्तुत भए बमोजिम अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका तालिम केन्द्र र प्रतिष्ठान स्थापना गर्ने संरचनाहरुको बर्गिकरण गर्ने, राष्ट्रिय खेलकुद नियमावली २०७९ को परिच्छेद ६ को ४ बमोजिम भौतिक पूर्वाधार हस्तान्तरण गर्ने मापदण्ड बमोजिम प्रतिवेदन तयार गर्ने, जिल्ला खेलकुद तथा क्षेत्रीय खेलकुद विकास समिति मातहत रहेका पूर्वाधारको अवस्था र त्यहाँको आम्दानीको विवरण, प्रकृयाको अवस्था अध्ययन गर्ने लगायका अधिकार दिएको छ।

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ आफुहरुले यस क्षेत्रमा खेलकुदको भौतिक पूर्वाधार अध्ययन र वर्गीकरण गरी त्यसको छिट्टै नै परिणाममुखी प्रतिवेदन पेश गर्ने संयोजक गुरुङले बताउनु भयो।


## मोटरसाईकल लिलाम बढाबढको शिलवन्दी दरभाउपत्र पेश गर्ने बारेको सूचना

(प्रकाशित मिति २०८०/०९/१९)

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-२५, मिलनचोक, हेम्जा, कास्की स्थित यस वित्तीय संस्था (यस पछि बिक्रेता भनिएको छ) नाममा रहेको देहाय बमोजिमको मोटरसाईकलहरु यस वित्तीय संस्थाको आर्थिक निर्देशन समितिको निर्णयानुसार लिलाम बढाबढको प्रकृयाबाट जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुलाई तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले **७ दिन भित्र** रीतपुर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**विक्री गरिने मोटरसाईकलहरुको विवरण:**

| क्र.स. | मोटरसाईकलको प्रकार | मोटरसाईकल नं. | मोडल | न्युनतम मुल्य |
|---|---|---|---|---|
| १. | Yahama SZ 149 cc | Ga 11 Pa. 22 | 2015 | 45,000.00 |
| २. | Hero Sup.Spl 124.7 cc | Ga8Pa 4690 | 2013 | 25,000.00 |

**शर्तहरु:**

- यस सम्वन्धी विस्तृत जानकारी शिलवन्दी दरभाउपत्र फारममा उल्लेख गरिएको छ उक्त फारम यस वित्तीय संस्थाको वेवसाइट www.nmbmicrofinance.com बाट डाउनलोड गरी लिन सकिनेछ ।
- शिलबन्दी दरभाउपत्र फाराम खरिद मुल्य वापतको फिर्ता नहुने रु.१,००/- यस एनएमबि लघुवित्त वित्तीय संस्था लि.केन्द्रीय कार्यालय पोखरा-२५, हेम्जा, कास्कीको नाममा रहेको एनएमबि बैंक लिमिटेड शाखा कार्यालय हेम्जा, कास्कीको खाता नम्बर १२५००९५३४०६०००११ मा नगद रकम जम्मा गरेको सक्कलै बैंक भौचर सहित अनिवार्य पेश गर्नु पर्नेछ ।
- प्राप्त शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
- यस सम्बन्धी थप जानकारी आवश्यक परेमा वित्तीय संस्थाको टोल फ्रि नं. १८१०५०००१०७ र टेलिफोन नं.: ०६१-४००४२८, ४००४७७ Ext. No. १११ शाखा संचालन तथा सामान्य सेवा विभागमा सम्पर्क गरि जानकारी प्राप्त गर्न सकिनेछ ।

**एनएमबि लघुवित्त वित्तीय संस्था लि.**
**NMB Laghubitta Bittiya Sanstha Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय :**
**पोखरा-२५, मिलनचोक, हेम्जा, कास्की**